## राज्यमा कृषि अनि बागवानी उत्पादनको निर्यात क्षमता प्रबल रहेको रिपोर्ट

# भौगोलिक समस्या भए तापनि सिक्किमले उल्लेख्य प्रगति गरेको छ- मुख्यमन्त्री

**गान्तोक, २८ अगस्त(निस):** दी एक्सपोर्ट इम्पोर्ट ब्याङ्क अव् इण्डिया (एक्जिम ब्याङ्क) ले राज्यमा निर्यातको दृष्टिकोणले कृषि तथा बागवानी उत्पादनहरूको महत्व र सम्भावना अधिक रहेको दावी गरेको छ। ब्याङ्कले आज यहाँ एउटा होटलमा राज्यको मुख्यमन्त्री पवन चामलिङद्वारा विमोचन गरिएको रिपोर्ट 'सिक्किमः एक्सपोर्ट पोटेन्सियल एण्ड प्रोस्पेक्ट्स{ माथि आयोजित सेमिनारमा टिप्पणी गर्दै उक्त आशय व्यक्त गरे। यस अवसरमा मुख्यमन्त्री स्वयं मुख्य अतिथिको रूपमा उपस्थित थिए भने राज्यका लोकसभा सांसद पीडी राई विशिष्ट अतिथिको रूपमा उपस्थित थिए। ब्याङ्कको रिपोर्टमा



कृषि सम्बन्धित उत्पादनहरू मध्ये पनि अलैंची, अर्किड, तिमी चिया, अदुवा, सुन्तला, औषधीय उद्भित, मह, तथा हस्तकला उत्पादनको अधिक महत्व र मूल्य रहेको पनि बताइएको छ। ब्याङ्कका अध्यक्ष तथा प्रबन्धन निर्देशक टीसी भेङ्कट सुब्रमनियमले शोधमा राज्यको विभिन्न क्षेत्रमा घिरखिन्स र एभोकाडो जस्तो बनस्पतिहरू पनि लगाउन सकिने थाहा लागेको बताए। रिपोर्टमा आयात व्यवस्था सुदृड पार्न व्यवस्थित परियोजोना तयार पार्न पर्ने पनि राज्य सरकारलाई सुझाउ पेश गरेको छ।

यस अवसरमा मुख्यमन्त्री चामलिङले आफ्नो सम्वोधन राख्दै भौगोलिक दृष्टिकोरणले सिक्किमले विभिन्न समस्याहरूको सामना गर्न परे पनि उल्लेख्य प्रगति गरिरहेको बताए। मुख्यमन्त्रीले भारत चीनबीचको नथुला व्यापार मार्गलाई अझ सुव्यवस्थित र सुदृड बनाउन केन्द्र सरकार समक्ष व्यापारको सामना सूचिमा पुनः समीक्षा गर्ने अपील गरेको बताए।